**स्तनपानः बालबालिकालाई वरदान**
- आमाको दूधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ।
- आमाको बिगौती दूधले बालबालिकालाई खोपसरहको काम गर्छ।
- स्तनपानले शिशुको शारीरिक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मदत गर्छ।
- बजारमा पाइने प्याकेट दूध वा फर्मुला आमाको दूधजस्तो पोषिलो हुँदैन।

**त्यसैले बालबालिकालाई स्तनपान गराऔं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० साउन २१ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 August 06 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३३७

## गणेशमान सिंहको सालिक अनावरण

चिरञ्जीवी सापकोटा, ठोरी, २० साउन/

ठोरी गाउँपालिका वडा नं २ को राईधारामा सर्वमान्य नेता गणेशमान सिंहको सालिक अनावरण गरिएको छ।

शनिवार आयोजित कार्यक्रममा नेपाल सरकारका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले सालिक अनावरण गरेका हुन्।


तस्वीरः प्रतीक

गणेशमान सिंह स्मृति प्रतिष्ठान ठोरीका अध्यक्ष प्रकाश खनालको सभापतित्वमा भएको कार्यक्रममा मन्त्री रिजालले ठोरीको विकासका लागि प्रतिबद्धता व्यक्त गरे।

ठोरीमा धेरै काम गर्न जरुरी रहेकाले प्राथमिकताका आधारमा विकास निर्माणका योजनाहरू तय गरी प्रपोजल तयार गरी अघि बढ्न गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठलाई आग्रह गरे।

स्थानीय सरकार, मधेस सरकार र सङ्घीय सरकारसँगै मिलेर अघि बढ्नुपर्ने धारणा राख्दै मन्त्री रिजालले ठोरीका कृषकहरूलाई कृषि मिटरसम्बन्धी कार्यक्रममा स्थानीय सरकार र केन्द्र सरकार मिलेर कृषकहरूलाई सहुलियत दिने काममा आफूले पालिकालाई सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे। नदी नियन्त्रण ठोरीको आवश्यकता भएकोले आफू प्रतिबद्ध रहेकोसमेत मन्त्री रिजालले उद्घोष गरे।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै ठोरी–२ का अध्यक्ष अमृतकृष्ण सापकोटाले मागपत्र मन्त्री रिजाललाई हस्तान्तरण गरे।

अध्यक्ष सापकोटाले ठोरी–२ मा औद्योगिक ग्रामको स्थापना, ठोरी गापालाई वन्यजन्तु पर्यटकीय क्षेत्र घोषणा, नदी नियन्त्रण, ठोरी छोटी भन्सारको स्तरोन्नति तथा सञ्चालन, अधुरो हुलाकी सडक निर्माण कार्य सम्पन्न, गणेशमान पार्कको सौन्दर्यीकरण, भिखना ठोरीमा रेल पुनः सञ्चालन, ठोरी १ र २ लाई जोड्ने ढेढुखोलामा पुल निर्माण लगायतका माग समेटिएका मागपत्र बुझाएका थिए।

मागपत्र बुझ्दै मन्त्री रिजालले मागपत्रमा भएका सबै माग सम्बन्धित निकायलाई दबाब दिँदै कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे।

मन्त्री रिजालले आजै ठोरी गाउँपालिकामा नवनिर्मित भवनको उद्घाटन तथा ठोरी–२ मा प्रजातन्त्र सेनानी परिवारबाट निर्माण भएको पञ्चेश्वर मुक्तिधामको प्रवेशद्वारसमेत उद्घाटन गरेका थिए भने अधुरो हुलाकी सडक अनुगमन र ठोरी छोटी भन्सारको अवलोकन गरेका थिए।

ठोरी–१ मा रहेको वृद्धवृद्धा तथा असहाय समाज कल्याण आश्रम पुगी मन्त्री रिजाले १० क्विन्टल चामललगायत खाद्यान्न सामग्री हस्तान्तरण गरेका थिए।

२००७ सालमा ठोरीबाटै पक्राउ परेका सिंह २००७ सालको प्रजातन्त्रप्राप्तिपछि निर्माण भएको प्रथम मन्त्रिमण्डलमा उद्योगमन्त्री रहेका स्व सिंहको सालिक अनावरण भएकोमा ठोरीवासी गौरवान्वित भएका गणेशमान स्मृति प्रतिष्ठान ठोरीका अध्यक्ष प्रकाश खनालले बताए।

सालिक अनावरण कार्यक्रममा मधेस प्रदेशका सांसद तथा नेपाली काङ्ग्रेस, पर्साका सभापति जनार्दन सिंह क्षत्री, प्रदेश सांसद शङ्करप्रसाद चौधरी, मधेस प्रदेशका नेपाली काङ्ग्रेसका महामन्त्री वृहस्पतिकृष्ण श्रेष्ठ, ठोरी गापा अध्यक्ष लालबहादुर श्रेष्ठ, उपाध्यक्ष गोकुलीकुमारी रेग्मी, वडाध्यक्षहरू, कार्यपालिका सदस्यहरू, नेपाली काङ्ग्रेसका नेता, कार्यकर्ता तथा ठोरीवासीको सहभागिता थियो।

## १३ वर्षदेखि छोडपत्र हातमा, जग्गाको अत्तोपत्तो छैन

प्रस, निजगढ, २० साउन/

जमीन उपलब्ध गराउने गरी छोडपत्र गरिदिएको १३ वर्ष बिते पनि अझैसम्म पनि जमीन हात नलागेपछि पीडितले वडा कार्यालयमा निवेदन दिएका छन्।



मिति २०८०/३/१५

जमीन उपलब्ध गराउने भनिएको स्थान र पीडित घलानले वडा कार्यालयमा दिएको आवेदन। तस्वीरः प्रतीक

निजगढ नपा–८ बस्ने दीपक घलानले अहिलेसम्म जमीन यकीन नभएको भन्दै जमीन उपलब्ध गराइदिन निजगढ–१० लाल वडा कार्यालयमा २०८०/३/१५ गते निवेदन दिए पनि अहिलेसम्म कुनै छिनोफानो नभएपछि आफू झनै पीडित बन्न पुगेको बताएका छन्।

साबिक रतनपुर गाउँ विकास समिति–९ लालमा स्थानीय बूढापाकाहरूले आपा अर्थात् बाउ समूहले ऐलानी जमीनबाट एक कट्ठा जमीन उपलब्ध गराउने गरी दीपकसँग एक लाख पाँच हजार नगद रकम लिएको प्राप्त कागजबाट देखिन्छ। सो आपा समूह निष्क्रिय भएको वर्षौं भएपछि आफू झनै पीडित बनेको उनले बताए।

त्यस बेला बस्तीमा खानेपानीको चरम समस्या भएपछि गुम्बा सामुदायिक विकास समूहले खानेपानी टङ्की तथा पाइप खरीद गर्न सो रकम बुझेको र आफूलाई एक कट्ठा जमीन उपलब्ध गराउने सहमति भई छोडपत्रसमेत उनीहरूले गरिदिएको पीडित घलानले बताए। त्यसयता आफू केही वर्ष वैदेशिक रोजगारका लागि गएको र फर्केर आएपछि जमीन उपलब्ध गर्न, गराउन उनीहरूले चासो र पहल नगरेको उनको भनाइ छ। सो समूहका तत्कालीन अध्यक्ष एवं पूर्ववडाध्यक्ष पदमबहादुर मोक्तानलाई पटकपटक भेट र सम्पर्क गर्दा हुन्छ मात्रै भन्ने गरेका उनले बताए। तर काम अहिलेसम्म अघि नबढेको पीडित घलानले गुनासो पोखे।

सामाजिक कार्यका लागि स्थानीय अगुवा, बूढापाका, समाजसेवी, बुद्धिजीवीहरूको एक समूहले रकम लिएबापत जमीन उपलब्ध गराउने लिखित छोडपत्र गरे अनुसार जमीन उपलब्ध गराउनुपर्ने पक्षमा पनि युवा एंव अन्य स्थानीयहरू देखिए पनि समस्याको समाधान अझै हुन सकेको छैन।

त्यस बेला लिएको रकमबाट सामाजिक कार्यमा बढीमा ७०–८० हजार मात्र खर्च गरेर अन्य बाँकी पैसा कहाँ छ भन्ने कुरा त्यस बेलाको समूहका पदाधिकारीबीच पनि खटपट भएको स्रोतले जनाएको छ।

सोही वडाको लालस्थित गुम्बा सामुदायिक विकास समूहले खानेपानी र पाइप खरीद गर्न रकम अभाव भएपछि निवेदक घलानसँग सो रकम लिई एक कट्ठा जमीन उपलब्ध गराउने गरी पूर्व फूटबल चउर, पश्चिममा कुलो, दक्षिणमा फूटबल चउर, उत्तरमा पोखरी समूहको जग्गा यति चार किल्लाभित्रको ऐलानी जमीन उपलब्ध गराउने भनी स्थानीय समाजसेवी एवं समूहका अध्यक्ष तथा पूर्ववडाध्यक्ष पदमबहादुर मोक्तान, औतारसिं थिङ, ज्ञानबहादुर मोक्तान, अमीर मोक्तान, दूधलाल गोले, ठूलोकान्छा घिसिङ साक्षी बसी उक्त छोडपत्रमा हस्ताक्षरसमेत गरेको पीडित दीपकले कागजी प्रमाण वडा कार्यालयमा पेश गरेका छन्। एक कट्ठा जमीन उपलब्ध गराउन नसके पनि १० धुर जमीन उपलब्ध गराए पनि आफू मञ्जुर रहने भन्दै उनले आफुलाई देखाएको जमीनमध्ये १० धुर जमीनमा ७० हजार खर्च गरेर पर्खाल लगाए पनि अहिले आएर सोही १० धुर जमीन पनि उपलब्ध नहुने हो कि भन्ने चिन्ताले जमीन यकीन गरी उपलब्ध गराउन वडा कार्यालय र ती बूढापाका, स्थानीय समाजसेवीहरूलाई आग्रह गरिरहेको उनले भने।

त्यस बेला सामाजिक कार्यका लागि पैसा अभाव हुँदा जमीन उपलब्ध गराउने गरी छोडपत्र गरी रकम लिएको त्यस समूहका एक पदाधिकारीले जसरी पनि उनलाई जमीन उपलब्ध गराउनुपर्छ, होइन भने उसको चित्त बुझाउने अन्य उपाय गाउँसमाजले पनि खोजिदिनुपर्ने बताए। यता सोबारे पटकपटक फोन सम्पर्क गर्दा तत्कालीन आपा अर्थात् बाउ समूहका अध्यक्ष एवं पूर्ववडाध्यक्ष पदमबहादुर मोक्तान सम्पर्कमा आउन चाहेनन्।

यता पीडितले वडा कार्यालयमा प्रमाणसहित निवेदन दिएपछि एकपटक वडा कार्यालयमा दुवै पक्ष र स्थानीय भद्रभलादमीबीच छलफल भएको वडाध्यक्ष आशाकाजी श्रेष्ठले बताए। ऐलानी जमीन कोही कसैलाई कुनै नाम वा बहानामा बिक्री वितरण गर्ने कानूनी आधार नभएकोले गाउँसमाजमा छलफल गरी टुङ्ग्याउन आफूले सुझावसमेत दिएको उनले बताए।

## सवारी व्यवस्थित गर्न तीन पाङ्ग्रेमाथि कडाइ

प्रस, वीरगंज, २० साउन/

वीरगंज महानगरपालिकाले दर्ता नभई सञ्चालनमा रहेका तीन पाङ्ग्रे सवारीसाधन रिक्शा, ई–रिक्शा, अटोरिक्शालाई कारबाही शुरू गरेको छ।


तस्वीरः प्रतीक

महानगरमा दर्ता नगरेर सञ्चालनमा रहेका तीन पाङ्ग्रे सवारीका कारण ट्राफिक व्यवस्थापनमा कठिनाइ भएकोले सोको नियमपूर्वक सञ्चालनमा नगरपालिका कार्यालयले चासो देखाएको हो।

जिल्ला ट्राफिक प्रहरी कार्यालयसँगको समन्वयमा महानगरको सडक तथा यातायात व्यवस्था महाशाखाको संयुक्त टोलीले दुई दिनमा ४५ वटा तीन पाङ्ग्रे सवारीलाई कारबाही गरेको जनाएको छ।

गत मङ्गलवार र बिहीवार टोलीले महानगरमा दर्ता नरहेको, रूट परमिट नलिएको, लाइसेन्स, ब्लुबूकविना सञ्चालित तीन पाङ्ग्रे सवारीसाधनलाई कारबाही गरेको महानगरको सडक तथा यातायात व्यवस्था शाखाका प्रमुख इन्जिनीयर विजय गुप्ताले बताए। उनीहरूलाई पहिलोपटकका लागि रु पाँच सय जरिवानामा छाडिएको उनले बताए।

नगरक्षेत्रभित्र अहिले दुई हजारभन्दा बढी ई–रिक्शा, अटोरिक्शा, सवारी साधन अव्यवस्थित रूपमा सञ्चालनमा रहेको अनुमान गरिएको र महानगरमा भने केवल ६७० वटा मात्रै दर्ता रहेर इजाजत लिएका छन्।

महानगरपालिकामा सवारी दर्ता नगरी सञ्चालन गरेको खण्डमा सवारी चालकलाई प्रथमपटक एक हजार जरिवाना तिराएर दर्ता गरेपछि मात्रै सवारी सञ्चालन गर्न पाउने व्यवस्था छ। जरिवाना नतिरेसम्म नगरभित्र सवारी सञ्चालनमा रोक लगाउन सकिने कार्यविधिमा उल्लेख छ। तर पनि व्यावहारिकरूपमा तीन पाङ्ग्रे सवारीलाई कम जरिवाना गरिएको महानगरले जनाएको छ। अटो चलाएरै घरपरिवार पाल्नुपर्ने कतिपयको समस्या देखेर जरिवाना कम गरेको इन्जिनीयर गुप्ताले बताए।

## विन्ध्यवासिनीको गाउँसभा सम्पन्न

प्रस, वीरगंज, २० साउन/

विन्ध्यवासिनी गाउँपालिकाको १३औं गाउँसभा सम्पन्न भएको छ। शनिवार आयोजित गाउँसभाले आव २०८०/८१ को नीति तथा कार्यक्रमबाट ३१ करोड तीन लाख ३४ हजारको अनुमानित बजेट पारित गरेको छ। गाउँसभामा उपाध्यक्ष ज्योति चौधरीले बजेट प्रस्तुत गरेकी थिइन्।

सो अवसरमा गापाध्यक्ष प्रमोद तिवारीले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै राजनीतिकर्मीको नीति लिएर विकास कार्य गर्नुभन्दा समाजसेवी भएर विकासको बाटोमा लाग्नु आवश्यक रहेको बताए। विकास कार्यमा बाधा–अवरोध नगर्न अनुरोध गर्दै एकता बनाएर विकासको बाटोमा लागे समृद्ध गापा बनाउन सकिने उनले बताए। उनले आफ्नो गापाले कृषि, सिंचाइतर्फ विशेष बजेट राखेको बताए। कृषिको विकास भएमा शिक्षा र स्वास्थ्यलगायत अन्य विकास सम्भव हुने उनले बताए। सबैभन्दा पहिला किसानहरूका लागि कृषि पोल तार जडानका साथै कृषि मिटर निश्शुल्क वितरण कार्यक्रम राखिएको उनले जानकारी गराए। शिक्षा, स्वास्थ्य, पर्यटन प्रवर्द्धन र महिला, बालबालिकाको हितका कार्यलाई मुख्य प्राथमिकतामा राखिएको गापाध्यक्ष तिवारीले बताए। गुणस्तरीय शिक्षाका लागि कतिपय नयाँ कार्यक्रम थप गरिएका उनले चर्चा गरे। 'एक वडा एक माध्यमिक विद्यालय'को अवधारणा ल्याइ हरेक जाति, धर्म तथा समुदायका बालबालिकाहरूलाई शिक्षामा अनिवार्य पहुँच गराउने लक्ष्य बोकेको उनले बताए। विद्यालयमा रहेका विद्यार्थीहरूको अनुपातमा शिक्षक दरबन्दी मिलान गरी सर्वसाधारणहरूमा गुणस्तरीय शिक्षा प्रदान गरिने नीति रहेको बताए। उन्नत पशुपालन, पशु बीमा, बाली बीमा, गोठ तथा भकारी सुधार कार्यक्रम सञ्चालन गरिने बताए। उनले एमबिबिएस अध्ययन छात्रवृत्ति, निश्शुल्क लोकसेवा तथा शिक्षक सेवा तयारी कक्षालाई निरन्तरता दिइएको बताए। उनले सिंचाइ व्यवस्थापन, खानेपानी टङ्कीलाई सञ्चालनमा ल्याउने नीति रहेको बताए।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत राकेश ओझा, वडाध्यक्ष अच्छेलाल महतो, मुक्तिराउत कुर्मी, जयप्रकाश चौरसिया, अनोजकुमार चौरसिया, मोहन यादवलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

## अनशन तोड्न गापा उपाध्यक्षको अपील

प्रस, परवानीपुर, २० साउन/

पर्साका २८ वर्षीय रामजन्म ओझैयालाई अनशन तोडन पटेर्वासुगौली गाउँपालिका उपाध्यक्ष ममता महतोले अपील गरेकी छन्।

नेपाल पत्रकार महासङ्घ पर्साको सभाहलमा गापाद्वारा आयोजित पत्रकार सम्मेलनमा उनले ओझैयाको अनशनबारे सामाजिक सञ्जालमार्फत जानकारी पाएको, पटकपटक वार्ताको लागि विभिन्न सरोकारवाला निकायबाट पहल गर्दासमेत उनी वार्तामा बस्न तयार नभएकाले आफ्ना जायज मागलाई वार्ताको माध्यमले पूरा गराउन अपील गरिन्।

पटेर्वासुगौली–३ पश्चिम देकुली बस्ने ओझैया १२ दिनदेखि आमरण अनशनमा बसेका छन्। उनको अवस्था बिग्रेपछि हाल उनको उपचार नारायणी अस्पतालको आकस्मिक कक्षमा भइरहेको छ। गापा उपाध्यक्ष महतोले यसअघि जिल्ला समन्वय समिति, पर्साका सभापति निरञ्जन साह सोनार एवं पर्साका प्रहरी निरीक्षक प्रकाश बस्नेतको उपस्थितिमा वार्तामा बस्ने आग्रह गर्दा उनी वार्तामा बस्न चाहेका थिएनन्।

## विचारसार र सूक्तिहरू

**जिन्दगी मस्त बाँच्नका लागि एउटा सामान्य नियम बनाऔं । सधैं केही राम्रा कुरा याद गरौं र केही नराम्रा कुरा बिर्सिदिउँ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# जीवनको श्रेष्ठतम परिभाषा

हाम्रो जीवनको श्रेष्ठतम परिभाषा हो–सफलता, सार्थकता र सन्तुष्टि । यी तीनै भाव मिलेर समग्र जीवनको निर्माण गर्दछन् । सबै मानिस आफ्नो जीवनमा यिनैलाई प्राप्त गर्न चाहन्छन् र प्राप्तिका लागि सतत प्रयासरत रहन्छन् । यो अवश्य हो कि सबैको प्रयास आआफ्नो किसिमको, आफ्नो सोच अनुसार हुन्छ । जीवनका केही नियम र सिद्धान्त हुन्छन् । हाम्रो कुनै पनि प्रकारको प्रयासको सफलता यसैमा निर्भर हुन्छ ।

**सही सुविकसित जीवन–दृष्टिको प्राप्ति, पहिलो पाइला हो जहाँ जीवनको सफलता, सार्थकता र सन्तुष्टिको मार्गको सिंढी प्रारम्भ हुन्छ । जीवन बाँच्ने साँचो चाहना राख्नेहरूका लागि यही उपयुक्त उपाय हो, अन्यथा जिन्दगी बोकेर हिंड्ने, भाग्य–परिस्थितिहरूको विवशतामा अल्झेका र भौंतारिनेहरू त सर्वत्र देखा परिरहन्छन् ।**

यदि कसैले आफ्नो जिन्दगीको शुरूआत यिनै सिद्धान्त र नियमहरूलाई ध्यानमा राखेर गर्दछ भने उसका प्रत्येक चाहना पूरा हुन्छन्, सारा प्रयास सफल हुन्छन्, तर पहिलो शर्त यो हो कि जीवनको शुरूआत सही ढङ्गले होस् । यही अधिकांश मानिससँग गलती हुन्छ । वास्तविक सच्चाई के हो भने हामी त्यति होश–हवासका साथ, सजगतापूर्वक जीवनको शुरूआत गर्दैनौं, जति हुनुपर्दछ ।

कहिले पनि अलिकति मात्र गम्भीरताले, अलिकति नजीकबाट हामी स्वयंलाई जाँच्ने प्रयास गर्दैनौं । कहिले पनि यो अनुभूत गर्न सक्दैनौं कि हाम्रो जीवनको यो अन्तिम बिसौनी होइन, यसका कैयौं उपक्रम जीवनभन्दा बाहिर पनि जोडिएका हुन्छन् । हाम्रा शास्त्रहरू भन्दछन् जो यस संसारमा आएको छ, आफ्ना पछाडि केही अधूरो छोडेर आएको छ । त्यस अधूरोपनलाई पूरा गर्नका लागि नै हाम्रो जन्म भएको हो । हाम्रो यस जीवनको सफलता र सार्थकताको रहस्य यसै अधूरोपनको खोज र त्यसको पूर्णतासँग सम्बद्ध छ ।

यही सबैका लागि यथार्थ जीवन बाँच्ने राजमार्ग हो । अब कुरा के आउँछ भने जीवनको शुरूआत कहाँबाट गर्ने ? यसका लागि सबैले अँगाल्नुपर्ने सूत्र हो–जीवन–दृष्टिको विकास । जबसम्म जीवन–दृष्टि विकसित हुँदैन, स्वयंप्रति दृष्टिकोण स्पष्ट हुँदैन, तबसम्म जीवनको सही शुरूआत सम्भव छैन । जीवन–दृष्टिको निर्माण ती अनुभूतिहरूबाट हुन्छ, जुन हामी स्वयंप्रति तथा आफ्नो नाता–सम्बन्ध एवं परिवेशसँग जोडिएको संवेदनशीलताद्वारा ग्रहण गर्दछौं ।

स्वयंभित्र जसैजसै यो संवेदनशीलता गहिरो हुँदै जान्छ, तसैतसै हाम्रो अनुभूति तीव्र बन्दै जान्छ । अनुभूतिहरू तीव्र र सघन भएपछि हाम्रो जीवन–दृष्टिमा पनि सूक्ष्मता, तीक्ष्णता र स्पष्टता विकसित हुँदै जान्छ । यस्तो सुविकसित जीवन–दृष्टिको प्रकाशमा हामी आफ्नो जीवनको अधूरोपन खोज्न सफल हुन्छौं । वास्तवमा यो जीवन–दृष्टिले नै हामीलाई सही जीवन लक्ष्यको बोध गराउँछ र त्यसलाई प्राप्त गर्नका लागि सबैभन्दा कुशल मार्गदर्शक सिद्ध हुन्छ ।

जीवनको सिद्धान्त के हो भने यस संसारमा जस कसैको जीवन विकसित जीवन–दृष्टिका साथ गतिमान छ, ऊ नित्य नयाँ सफलताको शिखर बनाउँदै सन्तुष्टिको अथाह समुद्रमा आश्रय प्राप्त गर्छ । जीवन–दृष्टि हुनु र असन्तुष्टि पनि हुनु दुवै एकसाथ असम्भव छ । जसको जीवन–दृष्टि विकसित भइसकेको छ, उसको जीवनमा असफलता र असन्तुष्टिको कुनै स्थान शेष रहन्न । पूज्य गुरु रामचन्द्र आचार्यले जीवन–दृष्टि विकास गर्ने दुई अत्यन्त व्यावहारिक विधि बताएका छन् । पहिलो आत्ममूल्याङ्कनसँग जोडिएको छ र दोस्रो भाव–संवेदनाको विस्तारसँग सम्बद्ध छ ।

आत्ममूल्याङ्कनले 'स्व'को प्रति सजगता र स्पष्टता विकसित हुन्छ । पूज्य गुरुदेवले आत्मबोध र तत्त्वबोधको साधनाको रूपमा आत्ममूल्याङ्कनको सर्वसुलभ र श्रेष्ठतम विधि सिकाएका छन् । जसले नित्य यसको अभ्यास गर्दछ, ऊ यसको महत्त्व र लाभ दुवै जान्दछ । अन्य जिज्ञासुहरूका लागि यति मात्र भन्नुछ कि प्रातः र रात्रिकालीन अर्थात् बिहान उठ्ने र रात्रि विश्रामको बेला न्यूनतम दुई–दुई मिनटको यस आत्ममूल्याङ्कनको साधनालाई सबैभन्दा सरल र चमत्कारी बुझ्नुपर्छ । नियमित अभ्यास गर्नेलाई केही दिनमैं यसको लाभ प्रत्यक्ष हुन थाल्छ । हाम्रो अङ्ग–प्रत्यङ्गमा जुन महत्त्व आँखाको छ, ठीक त्यही महत्त्व जीवन विकासको आयाममा आत्ममूल्याङ्कनको हुन्छ ।

यदि आँखा बन्द छन् भने वरिपरिको सबै सुखद दृश्य, वस्तु आदि अन्धकारको गर्तमा लुकिरहेका हुन्छन्, तर जसै आँखा खुल्छ, सबैथोक प्रत्यक्ष र स्पष्ट देखिन थाल्छ । यसैगरी आत्ममूल्याङ्कनबाट प्राप्त हुने जीवन–दृष्टिको अभावमा हाम्रो जिन्दगीका सबै क्षमता, विशेषताहरू अन्धकारले थिचिएका हुन्छन्, तर जब आत्ममूल्याङ्कनरूपी आँखाले हामी स्वयं आफूभित्र हेर्दछौं अनि आफ्नै जीवनमा लुकेका विशेषता, क्षमता र योग्यताहरू र विभूतिहरू सहज देखिन थाल्छन् ।

आत्ममूल्याङ्कनहीनतालाई जीवनको अन्धोपन भन्न सकिन्छ । आँखाको अन्धोपन जीवनका लागि त्यति भार होइन, जति आत्ममूल्याङ्कनहीनताले जीवन दृष्टिको अभावले उत्पन्न अन्धोपन हुन्छ । जीवन–दृष्टि उत्पन्न हुन्छ भित्री स्पष्टता, सजगताबाट र यो सजगता मात्र आत्ममूल्याङ्कनबाट सम्भव छ । यसबाहेक हामी कहिले पनि आफ्नो जीवनलाई, यसमा अन्तर्निहित क्षमताहरूलाई देख्न पाउँदैनौं । स्वयंसँग अनभिज्ञ–अपरिचित बनिरहन्छौं ।

यसको प्रक्रियामा नै हामी स्वयंलाई जान्ने–चिन्ने–बुझ्ने कोशिश गर्दछौं र सही अर्थमा स्वयंको परिचय पाउँदछौं । यो जीवन–दृष्टिको विकासको प्रथम र अनिवार्य पक्ष हो । जीवन–दृष्टिको विकासको प्रविधि अन्तर्गत दोस्रो क्रम भाव–संवेदना विस्तारको हो । भावनाहरू सबैमा विद्यमान छन्, तर यसको परिधि अत्यन्त सीमित र सङ्कीर्ण हुन्छ । अतः भाव–संवेदनालाई स्वार्थ–सङ्कीर्णताको घेराभन्दा बाहिर ल्याउनु आवश्यक छ ।

अनि मात्र हामी आफ्नो वरिपरिको वातावरण, परिवेश, सम्बन्धहरू र यस दुनियाँका विविध रङ्गहरू देख्न र बुझ्न समर्थ हुन्छौं । गुरुजीको जीवन–सूत्र अनुसार दुईदेखि पाँच मिनेटको नियमित उपासना हाम्रो भावनात्मक विकासलाई शिखरसम्म पुऱ्याउन समर्थ छ । भावनात्मक सङ्कीर्णताले हाम्रो जीवन–दृष्टिलाई पुड्को बनाइदिन्छ । अतः यसबाट जोगिएर हामी जिन्दगीको सही मार्ग चयन गर्न सक्छौं ।

गुरुजीका जीवन–सूत्रमा दुईदेखि पाँच मिनेटको नियमित उपासना हाम्रो भावनात्मक विकासलाई शिखरसम्म पुऱ्याउन समर्थ हुन्छ । रुचि र परिस्थिति अनुसार जति समय उपासनाका लागि सम्भव हुन्छ, तर त्यो नियमित हुनुपर्छ, अनि यसको भाव–संवेदनामाथि चमत्कारी प्रभाव पर्छ ।

यहाँ उपासनाको तात्पर्य पूजा–पाठ नभएर उच्च विचार, भाव अथवा इष्ट–आराध्यका श्रेष्ठ गुणहरूको नियमित सान्निध्य हो । यस्तो उपासनाबाट हाम्रो जीवन–दृष्टिमा गहनता, दूरदर्शिता, व्यापकता र सुदृढताजस्ता विशेषताहरू आउँछन् र साथै आत्मिक–आध्यात्मिक लाभ पनि प्राप्त हुन्छ ।

आत्ममूल्याङ्कनले जीवन–दृष्टि उत्पन्न हुन्छ र त्यसको पोषण र विकास भावनाहरूको विकासले संयुक्त हुन्छ, जुन उपासनाद्वारा सहज सम्भव हुन जान्छ । सही सुविकसित जीवन–दृष्टिको प्राप्ति, पहिलो पाइला हो जहाँ जीवनको सफलता, सार्थकता र सन्तुष्टिको मार्गको सिंढी प्रारम्भ हुन्छ । जीवन बाँच्ने साँचो चाहना राख्नेहरूका लागि यही उपयुक्त उपाय हो, अन्यथा जिन्दगी बोकेर हिंड्ने, भाग्य–परिस्थितिहरूको विवशतामा अल्झेर भौंतारिनेहरू त सर्वत्र देखा परिरहन्छन् ।

# कृषिप्रधान देशमा खाद्यान्नकै चिन्ता !

समयान्तर




ओमप्रकाश खनाल
omkhanal@gmail.com


भारतले बासमतीबाहेकका चामलको निकासीमा रोक लगायो, कोलाहल नेपालमा भइरहेको छ । उसले आफ्नो आपूर्ति व्यवस्थापन असहज नहोओस् भन्नका लागि यो नीति लियो । हरेक देश आफ्नो व्यवस्थापन प्रभावकारी बनाउने खालका नीति ल्याउन स्वतन्त्र छन् । आफ्ना नीतिले छिमेकीलाई अप्ठेरो नपरोस् भनेर त्यस्ता नीतिका बावजूद खास छिमेकीका हकमा सहुलियत राख्छन् भने त्यो उदारता हो ।

भारतले कोरोना महामारी र त्यसबीचमा रूस–युक्रेन तनावले खाद्यान्न अभाव हुने सम्भावनालाई टार्न अनेक उपाय अपनाएको छ । धान, चामल, गहुँ, चिनी, तेललगायतका आधारभूत खाद्यान्नमा उसले आफूअनुकूलका नीतिहरू लिइरहको छ, यो स्वाभाविक छ । हामी भने आत्मनिर्भर अर्थतन्त्रका लागि बहस गर्दै दिनैन्दिन परनिर्भर बन्दै गइरहेका छौं भन्ने कुराको भेउ पाउन भारतले आफ्नो व्यापार नीतिमा थोरै मात्र परिवर्तन गर्दा हल्लाखल्ला हामीकहाँ बढी भइरहेको परिदृश्य मात्र पर्याप्त हुन्छ ।

नेपाल र भारतबीचको जस्तो खुला सिमाना र सम्बन्ध विश्वका बिरलै देशमा देख्न पाइन्छ । संसारका सबैजसो देशले सिमानालाई कुनै न कुनै तरीकाले नियन्त्रण गरेका छन् । हामीकहाँ यो छैन, खुला आवागमनले जोडिएको भारतसँग नेपालको सामाजिक मात्र होइन, आर्थिक सम्बन्ध र सरोकार पनि त्यति नै गहिरो छ । यसको अर्थ निर्भरता पनि गहिरो नै हुनुपर्छ भन्ने होइन, हामी अर्थतन्त्र मात्र होइन, आपूर्तिमा प्रायः सरोकारमा भारतमैं अति आश्रित हुन गयौं ।

हाम्रो मनोविज्ञानका केही उदाहरण हेरौं, २०४५ सालमा भारतले आर्थिक नाकाबन्दी लगाउँदा नेपालमा इन्धन प्रशोधन गर्नेदेखि चीनबाट पाइपलाइन ल्याउनेसम्मका कुरा भएका थिए । २०४६ को राजनीति परिवर्तनपछि तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले भारत भ्रमणकै क्रममा भन्दिए– भारतको इन्धन भनेको नेपालकै हो । त्यसपछि हामीले कच्चा तेल ल्याएर यहाँ प्रशोधन गर्ने योजना पनि छोडिदियौं ।

फेरि २०७२ सालको नाकाबन्दीताका यो चेत जुर्मुराएर आयो । त्यहाँबाट इन्धन नआउँदा हामी कति अस्तव्यस्त भयौं कि त्यस बेला पनि आत्मनिर्भरताका कुरा निकै उठे । उत्तर छिमेक चीनबाट अनुदानका केही ट्याङ्कर इन्धन ल्याउनेदेखि सतही नै सही चिनियाँ विज्ञ बोलाएर पेट्रोलियम उत्खननको लागि केही थान अनुसन्धानका काम भए । भारतबाट आपूर्ति सुचारु हुन थालेपछि ती सबै तत्परता सेलाएर गए ।

नाकाबन्दीमा देखाएको भारतविरोधी अडानको ब्याजमा चुनाव जितेर दुई तिहाइ बहुमतसहितको प्रधानमन्त्री बनेपछि केपीशर्मा ओलीले दुई वर्षभित्र आधारभूत खाद्यान्नमा आत्मनिर्भरताको योजना सुनाए । त्यो योजना कत्तिको सार्थक भयो, यो अहिले सतहमा आइरहेको खाद्य सङ्कटको चिन्ताले नै प्रस्ट पारेको छ । यसबीचमा ओलीको दुई तिहाइ सरकार नै पूरा समय टिक्न सकेन । अन्तर्कलहले सत्ता चलाउन नसक्नेहरूले आत्मनिर्भरताको योजना अघि बढाउन सक्नेमा आशावादी हुनु हामी नेपालीकै औसत कमजोरी हो ।

नेपालको अर्थतन्त्रमा कृषिको योगदान २४ प्रतिशत छ भनिन्छ । यो योगदान अर्थतन्त्रमा सबैभन्दा बढी हो, भलै यो आँकडा बर्सेनि घट्दै गइरहेको छ । हाम्रो ६० प्रतिशतभन्दा बढी जनसङ्ख्या कृषि पेशामा आबद्ध छ । बर्सेनि तीन खर्ब रुपैयाँजतिको खाद्यान्न आयात नहुने हो भने कृषिप्रधान देशका जनताको भान्सामा समस्या हुन्छ । अहिले भारतबाट धान र चामल आयातमा समस्या आउनेबित्तिकै उद्यमी, उपभोक्ता मात्र होइन, सरकार अत्तालिएको छ । चामलको भाउ किलोमैं ७/८ रुपैयाँ बढिसकेको छ । खाद्यान्न अभाव हुन नदिन सरकारले धान, चामल, गहुँ, चिनीलगायतका खाद्यान्न किन्ने योजना सुनाइसकेको छ । किन्ने कोसँग ? भारतसँग हात फैलाउनुको अन्य विकल्प देखिएको छैन ।

सरकार प्रत्येक समस्याको टालटुले समाधान खोज्छ, अवस्था सामान्यजस्तो देखिनेबित्तिकै दीर्घकालीन समाधानमा उदासीन हुन्छ । आत्मनिर्भरताको चेत आउन फेरि अर्को सङ्कट आइलाग्नुपर्छ । इन्धन, खाद्यान्न मात्र होइन, भर्खरै हामीले सामना गरेको कोरोना महामारीको समयमा स्वास्थ्यका पूर्वाधार र जनशक्ति बढाउने तानाबाना अहिले कता हराए ? वित्तीय प्रणालीमा लगानीयोग्य रकम अभाव हुन थालेको आज होइन, तर यसको स्थायी समाधान खोज्न आवश्यक ठानिएको छैन । बजारको नाममा सर्वसाधारणलाई शोषण गर्ने उपक्रम भने रोकिएको छैन ।

अघिल्लो वर्ष विदेशी मुद्राको सञ्चिति घट्यो, सरकारले उत्पादन अभिवृद्धि होइन, आयात नियन्त्रणको नीति लियो । परिणाम, उल्टो आयो । सरकारको राजस्व त घट्ने नै भयो, अवैध आयात चरम बिन्दुमा पुग्यो । त्यसको धङ्धडी अहिलेसम्म हराएको छैन, सीमा क्षेत्रको प्रहरी प्रशासन तस्करीकै कारण बदनाम छ । उत्पादन, आपूर्ति र बजार यति खुम्चियो कि आज पनि लयमा फर्किन सकेको छैन ।

**बाहिरबाट कच्चा पदार्थ भित्र्याएर भन्सार दरको फाइदा उठाउने खालका उद्योग टिकाउ हुँदैनन् भन्ने त अनुभवले देखाइसकेको छ । कम्तीमा आधारभूत खाद्यान्नमा आत्मनिर्भर हुन सकियो भने मात्रै पनि बर्सेनि दुई खर्ब रुपैयाँभन्दा बढीको व्यापारघाटा कम गर्न सकिन्छ ।**

अहिले पनि खाद्यान्न सङ्कट समाधानका लागि कृषिप्रधान अर्थतन्त्र भएको देशको सरकार कृषि उपजको उत्पादन बढाउन होइन, खाद्यान्न आयातमा लागेको छ । आजभन्दा २५–३० वर्षअघिसम्म नेपालबाट खाद्यान्न निकासी हुन्थ्यो । धान चामल निर्यात कम्पनी नै खडा गरिएको थियो । आज बाहिरबाट खाद्यान्न नआए यता भोकको चिन्ता शुरू हुन्छ । यो चिन्ताको समाधान पनि आयातबाटै खोजिंदैछ, उत्पादन बढाएर होइन ।

कृषिमा तुलनात्मक आत्मनिर्भर कसरी हुने त ? अर्थतन्त्रका मुख्य आधार कृषि निर्वाहमुखी पनि हुन नसक्नु समस्याको जड हो । व्यावसायिक कृषि प्रणालीको अभावमा कृषि क्षेत्र पछाडि परेको हो । कृषिलाई व्यवसायीकरण गर्ने भनिएको छ । एकाध ठालूहरूको पहुँचमा सहुलियत पुग्नु र खेतमा हलगोरुको ठाउँमा ट्याक्टर कुद्नु मात्र व्यवसायीकरण होइन । तुलनात्मक लाभका उत्पादनलाई नीतिगतरूपमैं अघि बढाइनुपर्छ । कृषिलाई व्यवसायसँग जोड्न सकिएको भए खेतीयोग्य जग्गा बाँझो छोडेर हाम्रो युवाशक्ति इजरायली खेतमा खटिन र खाडीमा ऊँट चराउन जानुपर्ने थिएन । अवसर भए त यो कर्म स्वदेशमैं गर्न सकिने थियो ।

आज कृषि यस्तो क्षेत्र बनेको छ, प्रत्येक देशले अनुदान बढाएका छन् । भारतमैं हेरौं, किसानलाई मल, उन्नत बीउ, सिंचाइ, प्रविधि सबैमा अनुदान छ । कृषिमा आधारित उद्यमलाई ५० प्रतिशतसम्म अनुदान छ । यसको बलमा नै भारतबाट सस्तो खाद्यान्न भित्रिन सम्भव भइरहेको छ । हामीकहाँ मल, बीउ, सिंचाइ केही समयमा उपलब्ध छैन । सहुलियत त परको कुरा भयो, आफ्नै बलबुतामा एक बोरा मल भित्र्याउन खोज्दा किसानले सिमानामा खटिएको हाम्रै प्रहरीको लट्ठी खानुपर्छ । खाद्यान्नको भण्डार भनिएको मधेसकै किसानहरू अहिलेसम्म रोपाइँका लागि आकाशको मुख ताकेर बसिरहेको अवस्थाबाटै सिंचाइको हबिगत प्रस्ट हुँदैन र ?

विकसित देशमा कृषिमा निर्भर जनसङ्ख्याको भार घटिरहेको छ, किन ? चीन र भारतले यसमा निकै सुधार ल्याएका छन् । ती देशले उत्पादकत्व बढाएर आश्रित जनसङ्ख्यालाई अन्य क्षेत्रमा लगाउने नीति लिए । हामी भने जग्गा बाँझो राखेर युवालाई खाडीतिर जाने बाध्यता निर्माण गरिराखेका छौं । अबको कृषि तुलनात्मक लाभका उत्पादनमा सीमित हुनुपर्छ । उत्पादनलाई भावना र पहिचानको विषय बनाएर हुँदैन । यदि धान र चामल भारतको तुलनामा सस्तो उत्पादन हुन सक्दैन भने त्यसलाई छोडिदिनुपर्छ । धान त मधेसको पहिचान हो भनेर हुँदैन । त्यसको सट्टा प्रतिस्पर्धी मूल्यमा उब्जाउन सकिने मौलिक उत्पादनमा केन्द्रित हुनुपर्छ । यसका निम्ति कृषि अनुसन्धान र खोजको जिम्मेवारी लिएर बसेका निकाय सक्रिय हुनुपर्छ ।

अर्को, कृषिलाई औद्योगिकीकरणसँग नजोडेसम्म कृषिको रूपान्तरण सम्भव छैन । कृषिमा आधारित उद्योगलाई प्रवर्द्धन गर्ने नीति चाहिन्छ । यस्ता उद्यम आन्तरिक र मौलिक कच्चा पदार्थमा आधारित हुनुपर्छ । बाहिरबाट कच्चा पदार्थ भित्र्याएर भन्सार दरको फाइदा उठाउने खालका उद्योग टिकाउ हुँदैनन् भन्ने त अनुभवले देखाइसकेको छ । कम्तीमा आधारभूत खाद्यान्नमा आत्मनिर्भर हुन सकियो भने मात्रै पनि बर्सेनि दुई खर्ब रुपैयाँभन्दा बढीको व्यापारघाटा कम गर्न सकिन्छ । यो असम्भव छैन, अभाव इमानदारी र इच्छाशक्तिको मात्रै हो ।

# आँखा पाक्ने रोगबाट बच्न सरसफाइ र सामाजिक दूरी आवश्यक

चितवन, २० साउन/रासस

चितवनसहित जिल्लामा यतिबेला आँखा पाक्ने रोग निकै बढेर गएको छ । कतिपय पालिका शिक्षण संस्था बन्द गरेर रोग नियन्त्रणमा जुटेका छन् । चिकित्सकले कोभिड–१९ झैं हातको सरसफाइ, सामाजिक दूरी कायम गर्न सके रोगबाट बच्न सकिने सुझाव दिएका छन् ।

भरतपुर आँखा अस्पतालका आँखा रोग विशेषज्ञ डा कुमुदिनी सुवेदीले आँखा पाक्ने रोग फैलिन नदिन कोभिड–१९ मा जस्तै हातको सरसफाइ र सामाजिक दूरीमा ध्यान दिनुपर्ने बताइन् । उनले भनिन्–"हामीले कोभिडको जस्तै समय समयमा हात धुनुपर्छ, हातले आँखा छुनुहुँदैन, सङ्क्रमित बिरामीबाट टाढै रहनुपर्छ ।" आँखा पाक्ने रोग (पिङ्क आई डिजिज) विशेषतः वर्षा मौसममा बढी देखिने जनाउँदै उनले सामान्यतया भाइरसले नै यो रोग फैल्याउने बताइन् ।

उनले भनिन्–"एकै समयमा धेरै जनालाई हुने सरुवा रोगका रूपमा हामीले यसलाई लिएका छौं ।" यो रोग एकबाट अर्कोमा नजीकको सम्पर्क (क्लोज कन्ट्याक्ट) भएको ठाउँमा सर्ने डा सुवेदीले बताइन् । उनले भनिन्–"छात्रावास, विद्यालय, अस्पताल, जेल (कारागार) जहाँ धेरै भिडभाड हुन्छ त्यस्तो ठाउँमा एकबाट अर्कोमा सजिलै सर्ने बढी सम्भावना रहन्छ ।"

यो रोग एकजनाबाट अर्कोमा फैलिन २४ घण्टादेखि एक हप्ता जति समय लाग्ने जनाउँदै उनले तीन हप्तादेखि कसैकसैलाई एक महीनासम्म पनि दुःख दिने जानकारी दिइन् । उनले भनिन्–"बिरामी पहिलोपटक आउँदा आँखा बिझायो, बिहान उठ्दा आँखा सुन्निएको देखियो, आँखा कचेराले टालियो, आँसु बढी आयो, उज्यालोमा हेर्न गाह्रो भयो भन्ने लक्षण लिएर आउनुहुन्छ ।" शुरूमा बिरामीको आँखा हेर्दा बाहिरी कोष सुन्निएको, कचेरा लागेको, आँखा रातो भएको देखिने गरेको उनको भनाइ छ ।

आँखा पाक्ने रोगले गम्भीर बनाएको अवस्थामा यसले आँखाको नानी (कर्निया) मा मसिना–मसिना घाउ गराउन सक्ने उनले बताइन् । उनले भनिन्–"आँखा पाकेको बिरामी देख्नुभयो भने त्यसबाट स्वस्थ मानिस टाढै बस्नु राम्रो रहन्छ ।" यसबाट बच्नका लागि कालो चश्मा प्रयोग

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४८

# अन्तर्राष्ट्रिय समाचार

## रुद्रप्रयाग पहिरो: तीनजनाको मृत्यु, १७ जना बेपत्ता

रुद्रप्रयाग, २० साउन/एएनआई

रुद्रप्रयाग पहिरामा परी तीनजनाको मृत्यु भएको तथा अन्य १७ जना हराइरहेका सरकारी अधिकारीहरूले शनिवार बताएका छन्।

केदारनाथ धामभन्दा १६ किलोमिटर वर अवस्थित रुद्रप्रयाग जिल्लाको गौरीकुण्डमा शुक्रवार गएको पहिरामा परी तीनजनाले ज्यान गुमाएका तथा अन्य १७ जना हराएका रुद्रप्रयाग जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

पहिराले सडक किनारका पसल र खाना खाने ढावासमेत बगाएको छ। दुर्घटनाका बेला ती पसलमा चारजना स्थानीय तथा १६ जना नेपाली मूलका नागरिक थिए। राज्यको विपत् प्रतिकार्य बलले खोजी जारी राखेको छ।

यसैबीच आज बिहान गङ्गोत्री राष्ट्रिय राजमार्गमा पहिरो खस्दा बाटो अवरुद्ध भएको छ। पहिराका कारण बाटो अवरुद्ध हुँदा गङ्गोत्री धामको यात्रामा रहेका तीर्थयात्रीको बिचल्ली भएको छ।



राज्यको विपत् व्यवस्थापन विभागका अनुसार यो वर्षको वर्षायाम प्रारम्भ भएयता बाढीपहिरामा परी ३१ जनाले ज्यान गुमाएका छन् भने ३१ जना घाइते भएका छन्। १,१ ६ घर भत्केका छन्। रासस

## चीनमा वर्षाले एकजनाको मृत्यु, चारजना बेपत्ता

चाङ्चुन, २० साउन/सिन्ह्वा

चीनको उत्तरपूर्वी जिलिन प्रान्तको शुलान शहरमा भारी वर्षाका कारण एकजनाको मृत्यु हुनुको साथै चारजना बेपत्ता भएका छन्।

बाढी नियन्त्रण तथा खडेरी राहत मुख्यालयका अनुसार शुलानमा करीब १ लाख ३४ हजार मानिस वर्षाका कारण प्रभावित भएका छन् भने १४,३०० भन्दा बढी विस्थापित भएका छन्।

शुलानमा मङ्गलवार रातिदेखि लगातार वर्षा भइरहेको छ।

दिउँसो ३:०० बजेसम्म शुक्रवार औसत वर्षा १११.७ मिलिमिटर पुगेको थियो। रासस



तस्वीर: सिन्ह्वा

## सुडानमा १४० लाख बालबालिकालाई मानवीय सहयोग आवश्यक -युनिसेफ

खार्तुम, २० साउन/एएनआई

सुडानमा १४० हजार बालबालिकालाई मानवीय सहयोगको 'गम्भीर आवश्यकता' रहेको संयुक्त राष्ट्रसङ्घ बाल एजेन्सीले शुक्रवार उल्लेख गरेको छ। जारी द्वन्द्वले भोकमरीको सङ्कटलाई थप गम्भीर बनाएको पनि सिएनएनले जनाएको छ।

सुडानका १७ लाखभन्दा बढी बालबालिका भोक, रोग, हिंसा र परिवार पृथकताको जोखिमको सामना गर्दै घरबाट विस्थापित भएका छन्।

यो पछिल्लो सङ्कटमा विस्थापित भएका १९ लाख बालबालिकाको अतिरिक्त सङ्ख्या हो।

"पाँच वर्षमुनिका ३० लाख बालबालिका कुपोषित छन् भने ७ लाख गम्भीर कुपोषण र मृत्युको जोखिममा छन्। एक वर्षमुनिका १७ लाख बालबालिका महत्त्वपूर्ण खोपबाट वञ्चित छन्। अप्रिलको मध्यमा सुडानमा द्वन्द्व शुरू भएदेखि युनिसेफका अनुसार कम्तिमा ४३५ बालबालिका मारिएका छन् र २,०२५ भन्दा बढी घाइते भएको पनि सिएनएनले रिपोर्ट गरेको छ।

सुडानमा २ करोडभन्दा बढी मानिस गम्भीर भोकमरीको सामना गरिरहेका छन् जुन सङ्ख्या गत वर्षको तुलनामा झन्डै दोब्बर भएको पनि संयुक्त राष्ट्रसङ्घले बिहीवार चेतावनी दिएको छ। अप्रिल १५ मा सेना र र्‍यापिड सपोर्ट फोर्सबीच युद्ध शुरू भएको थियो। यस द्वन्द्वले गर्दा सुरक्षाको खोजीमा छिमेकी देशमा गएका ८,४४,००० सहित करीब ३५ लाख मानिस घर छाड्न बाध्य भएका छन्। रासस

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | बेचैनी | वृष | धनलाभ |
| मिथुन | सफलता | कर्कट | अस्वस्थता |
| सिंह | रोगभय | कन्या | रोगभय |
| तुला | व्यापारघाटा | वृश्चिक | कार्यनाश |
| धनु | भयचिन्ता | मकर | राज्यलाभ |
| कुम्भ | कान्तिक्षय | मीन | सुयश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## बजार व्यवस्थापन समितिद्वारा सरसफाइ

बलिराम शुक्ला, बिरुवागुठी, २० साउन/

पर्सागढी नगरपालिका वडा नं १ र ९ अन्तर्गत पर्ने मनवा बजारमा शनिवारदेखि बजार सरसफाइ अभियान शुरू भएको छ।




तस्वीर: प्रतीक

मनवा बजार व्यवस्थापन समितिको आयोजनामा बजारलाई सफा राख्नको लागि आजदेखि मनवा बजारको सरसफाइ गरी अभियान शुरू गरिएको हो।

बजार व्यवस्थापन समितिका अध्यक्ष जगत सहनीको अध्यक्षतामा भएको सरसफाइ अभियान कार्यक्रममा वडा नं १ का अध्यक्ष राजकपूर खवास, मनवा प्रहरी चौकीका इन्चार्ज विनोदमान सिंह, बडेर्वा माविका प्रअ चेतमनदास थारू, व्यापारी, समाजसेवी, युवालगायतको सहभागितामा सरसफाइ अभियान शुरू भएको हो।

सरसफाइ अभियान सफल बनाउन श्रेष्ठ ट्राभल्स कोइलाभार, मनवा पब्लिक स्कूल र वडा नं १ र ९ कार्यालयले फोहर राख्ने करीब चार दर्जन ड्रम सहयोग गरेका र हरेक शनिवार बजार सरसफाइ अभियान चलाइने बजार समितिले जनाएको छ।

मनवा बजारमा साताको दुई दिन मङ्गलवार र शुक्रवार हाटबजार लाग्ने गर्छ।

## समाजवादी मुस्लिम सङ्घ पर्सा गठन

प्रस, वीरगंज, २० साउन/

जनता समाजवादी पार्टीको भ्रातृ सङ्गठन समाजवादी मुस्लिम सङ्घ, पर्सा गठन भएको छ। सलिम मियाँ अन्सारीको अध्यक्षतामा गठित ५१ सदस्यीय कार्यसमितिमा उपाध्यक्ष कलाम मन्सुरी, सदाम हुसेन, सचिव तबरेज खान, उपसचिव मकसुद मियाँ, कोषाध्यक्ष हुसन नेहरा खातुनलगायत सदस्यहरू छन्। कार्यक्रमको उद्घाटन केन्द्रीय अध्यक्ष नुरुलहोदा देवानले गरेका थिए। कार्यक्रममा जसपाका जिल्ला अध्यक्ष रामनरेश यादव, केन्द्रीय सल्लाहकार खलिल मियाँ, जसपा उपाध्यक्ष नागेन्द्र यादव, कोषाध्यक्ष शर्मिला विष्ट महतो, मुस्लिम सङ्घ केन्द्रीय उपाध्यक्ष हसमुद्दीन देवान, सखुवाप्रसौनी अध्यक्ष प्रदीप जयसवाल, छिपहरमाइ अध्यक्ष इग्रासन सा कलवार, प्रदेश सदस्य दीपक यादव, कार्यकारिणी समिति सदस्य शेख खुर्सेदलगायतको सहभागिता रहेको जिल्ला सचिव तबरेज अहमदले बताए।



तस्वीर: प्रतीक

## भारी वर्षाको सम्भावना

काठमाडौं, २० साउन/रासस

नेपालमा मनसुनी वायुको प्रभावका साथै भारतको झारखण्ड आसपासका क्षेत्रमा रहेको न्यूनचापीय प्रणालीको आंशिक प्रभाव छ। साथै मनसुन न्यूनचापीय रेखा पश्चिमतिर सरदर स्थानभन्दा उत्तर र पूर्वतिर सरदर स्थानको दक्षिणतिर अवस्थित रहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।



तस्वीर: फाइल

महाशाखाका अनुसार उक्त मौसमी प्रणालीका कारण अहिले कोशी र कर्णाली प्रदेशका थोरै स्थानहरूमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ। राजधानी काठमाडौंको आकाश बिहानदेखि बदली रहेको दिउँसोपख हल्का वर्षाको सम्भावना रहेको छ।

दिउँसो गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानहरूमा र बाँकी भूभागको थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। कोशी, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा मेघगर्जन र चटचाङसहित भारी वर्षाको सम्भावना छ। राति पनि कोशी र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा मेघगर्जन र चटचाङसहित भारी वर्षाको सम्भावना छ।

### आँखा पाक्ने रोगबाट ...

गर्न उनको सुझाव छ। उनले भनिन्- "चश्माले रोकथाममा सहयोग त पुर्‍याउँछ, तर एकबाट अर्कोमा सर्दैन भन्ने हुँदैन।"

घरमा कसैलाई आँखा पाक्ने रोग भएको छ भने टाढै बस्नुपर्ने भन्दै उनी थप्छिन्-"बिरामीले चलाएका सामग्री रुमाल, तौलिया, सिरानीलगायत सामग्री स्वस्थ मानिसले चलाउन हुँदैन।" सकभर बिरामीलाई छुट्टै कोठामा राख्दा अझै राम्रो हुने उनको सुझाव छ। उनले भनिन्- "घरमा एउटै बाथरूम हुन्छ, बिरामीले आँखा पुछेर छोएका बत्तीको स्वीच, ढोकाको ह्यान्डिललगायत ठाउँमा स्वस्थ मानिसले छोएर आँखामा छोइयो भने यो रोग सर्दछ।"

यो रोग लागेमा अस्पतालमैं आएर जचाउन सुझाव दिंदै डा सुवेदीले भनिन्- "परीक्षण नगरी मेडिकलमा गएर औषधि लिनुहुँदैन, मेडिकलमा गएर देखाउँदा आँखा विशेषज्ञ नसक्नुहुन्छ।" कुनै कुनै घटनामा फर्मासिस्टले औषधि दिंदा केही नराम्रो दुर्घटना भएको जनाउँदै उनले आँखा पाक्ने रोग लागेपछि विशेषज्ञ चिकित्सकको राय लिएर मात्रै औषधि राख्न सुझाव दिइन्।

## गौर हत्याकाण्डका पीडितलाई न्याय दिलाउँछौं -प्रधानमन्त्री

काठमाडौं, २० साउन/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल



प्रचण्डले रौतहटको गौर हत्याकाण्डका पीडितलाई न्याय दिलाउने बताएका छन्। प्रधानमन्त्री निवास बालुवाटारमा शनिवार पीडितहरूसँगको भेटमा उनले पीडितसँग वार्ताका लागि छिट्टै गृह सचिवको संयोजकत्वमा समिति बनाउने बताए।

१६ वर्षअघि गौरमा भएको घटनामा परेर तत्कालीन नेकपा (माओवादी)का २७ जना कार्यकर्ताको निधन भएको थियो। सो घटनाका पीडितले विभिन्न माग राखी आन्दोलनका कार्यक्रम सार्वजनिक गरेपछि प्रम प्रचण्डले वार्तामार्फत समस्याको समाधान गर्ने प्रतिबद्धता जनाएका हुन्। प्रम प्रचण्डको निजी सचिवालयका सहसचिव अर्जुन भण्डारीले यही साउन १८ गते पीडित सङ्घर्ष समितिका रूपसागर उपाध्यायलाई वार्तामा आउन आग्रह गर्दै पत्राचार गरेका थिए।

"गौर हत्याकाण्ड पीडित सङ्घर्ष समितिका माध्यमबाट विभिन्न मागसहित आन्दोलन गर्ने जानकारीप्रति प्रधानमन्त्रीको ध्यानाकर्षण भएको छ। सङ्घर्ष समितिका मागका सम्बन्धमा वार्ता/संवादका माध्यमबाट तत्काल समाधान गर्न प्रम प्रचण्डबाट निर्देशनसमेत भएकाले आन्दोलनका कार्यक्रम फिर्ता लिई वार्ता/संवादमा आउन हार्दिक अनुरोध छ," उक्त पत्रमा उल्लेख छ।

सोही पत्रका आधारमा आज प्रम प्रचण्ड र सो घटनाका पीडितबीच प्रधानमन्त्री निवासमा छलफल भएको प्रम प्रचण्डको सचिवालयले जनाएको छ।

# ११ जना महिलासहित ८६ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २० साउन/

वीरगंज महानगरपालिकामा शनिवार दुई स्थानमा भएका रक्तदान कार्यक्रममा आयोजना गरेको रक्तदान कार्यक्रममा नौजना महिलासहित ५१ जनाले रक्तदान गरेका थिए ।

यसैगरी, वीरगंज–२१ मा संसारीमाई युवा समाजले आयोजना गरेको रक्तदान कार्यक्रममा दुईजना महिलासहित ३५



तस्वीरः प्रतीक

११ जना महिलासहित ८६ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

समृद्ध नेपालले माईस्थान पार्कमा कार्यक्रममा खुशी रौनियार, सङ्गीता गुप्ता, सम्झना सिंह, रोशन सर्राफ, नितेश पटेल, ब्युटी गुप्ता, राहुल गुप्ता, मुकेश साह, श्याम कुर्मीलगायतले रक्तदान गरेका थिए ।

जनाले रक्तदान गरेका थिए । कार्यक्रममा रमिता कुशवाहा, चन्दा देवी, पवन यादव, भोला राउत, राजकुमार महतो, अरबिन्द शर्मा लगायतले रक्तदान गरेका केन्द्रका प्राविधिक प्रमुख पाण्डेले बताए ।

# ब्राह्मण समाज नेपालको पोखरिया नगरस्तरीय पहिलो अधिवेशन सम्पन्न

प्रस, वीरगंज, २० साउन/

पोखरिया नगरपालिकाका ब्राह्मण समुदायको बृहत् भेलाले नगर कार्यसमितिको अध्यक्षमा अमलेश्वर मिश्र, उपाध्यक्ष वीरेन्द्र पाण्डेय, सचिव दिनेश मिश्र, सहसचिव ममता द्विवेदी तथा कोषाध्यक्षमा बृजेश द्विवेदीलगायत दुईजना महिलासहित १७ सदस्यीय कार्यसमिति चयन गरेको ब्राह्मण समाज नेपालका निवर्तमान जिल्ला सचिव बृजमोहन तिवारीले बताए ।

कार्यक्रममा केन्द्रीय उपाध्यक्ष देवनाथ उपाध्याय, संरक्षक नरेन्द्रनाथ तिवारी, निवर्तमान पर्सा जिल्ला अध्यक्ष हरिनारायण मिश्र, प्राध्यापक ललन द्विवेदी, राजेशकुमार मिश्र, योगेन्द्र मिश्र, अरविन्द द्विवेदी, पत्रकारद्वय राजेश मिश्र र सञ्जीव मिश्रलगायतको सहभागिता थियो ।



तस्वीरः प्रतीक

कार्यक्रमको सञ्चालन दिनेश मिश्रले गरेका थिए । आगामी साउन २७ गते जिल्ला अधिवेशन पोखरियामा हुने जनाइएको छ ।

# ग्रीनसिटी वीरगंजद्वारा सडकपेटीमा वृक्षारोपण

प्रस, वीरगंज, २० साउन/

समुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत राष्ट्रपति चुरे–तराई/मधेस संरक्षण विकास समिति भरतपुर चितवन र ग्रीनसिटी सामुदायिक सेवा केन्द्रको संयुक्त आयोजनामा वीरगंज महानगरपालिका–९ रेलवे सडकसम्म वृक्षारोपण गरिएको छ । ग्रीनसिटीका अध्यक्ष प्रकाश खेतानको अध्यक्षतामा


तस्वीरः प्रतीक

भएको कार्यक्रममा श्रीजङ्ग गण वीरगंजका प्रमुख डायमन्ड कार्कीले वृक्षारोपण गरेर कार्यक्रमको शुभारम्भ गरेका थिए । कार्यक्रममा बेलपत्र ४० थान, म्यागोस्टिक १५० थान, कल्की ६० थान गरी २५० थान बिरुवा रोपिएको थियो । कार्यक्रममा देवेन्द्र सिंह, रामजङ्ग पाण्डे, विदुर सिवाकोटी, दीलिपराज कार्की, महेशसिंह धामी, शिवराज पटेल, मुर्ली जालान, मजिद मियाँलगायतको सहभागिता थियो ।

# पीडित लेनदेन सङ्घर्ष समितिको भेला

प्रस, वीरगंज, २० साउन/

पीडित लेनदेन सङ्घर्ष समिति, पर्साको भेला शनिवार विन्ध्यवासिनीमा सम्पन्न भएको छ ।

पर्सामा गठित सङ्घर्ष समितिको भेलाले पीडित बनाइएका साहूहरू सरकारको निर्णयविरुद्धमा सर्वोच्चमा जाने निर्णय गरेको छ ।

अनुचित लेनदेनसम्बन्धी पारित विधेयकविरुद्ध सर्वोच्चमा मुद्दा हाल्ने निर्णय भएको सङ्घर्ष समितिका अध्यक्ष सुनील पाण्डेले जानकारी दिए ।

आफूहरूले दिएको ऋणबाट धेरैजनाका छोरीको बिहे, छोरोको पढाइ, बिरामीको उपचारले ल्याएको घरमा खुशी बिर्सेर आज हामीहरूविरुद्ध नै अनुचित लेनदेन गरेको भन्दै उजूरी गर्नेहरूको सङ्ख्या बढ्दै गइरहेकोप्रति भेलाले खेद प्रकट गरेको छ ।

अदालतको निर्णयलाई समेत जिल्ला प्रशासन कार्यालय, पर्साले नमानी पक्राउ पुर्जी जारी भएका व्यक्तिहरूलाई पक्राउ गर्नुको साटो उनीहरूलाई छलफलमा ल्याइ उल्टै धाकधम्की दिने गरेको अध्यक्ष पाण्डेले बताए ।

पाण्डेका अनुसार केही साहूहरूले कसैको घरबार उजाडेका होलान्, उनीहरूको पहिचान गरी कारबाही गर्नुको साटो जोकोहीलाई पनि प्रहरीले थुन्ने, कुट्ने जस्ता धाकधम्की दिनु मानव अधिकारको हनन भएको बताए ।

आफूलाई पीडित बताउने उजूरीकर्ताहरूले साहूमहाजनसँग लिएको रकम पचाउने उद्देश्यले निवेदन दिनेलाई पनि कारबाहीको माग भेलाले गरेको छ ।

रकम लिएको आन्दाजी १० वर्ष भयो, मूल धन वा ब्याजबापत सुको बुझाएको छैन, उनीहरू आज हामीहरूविरुद्ध जिप्रका, पर्सामा उजूरी दर्ता गराउँदैमा कसरी पीडित भए पाण्डेको भनाइ थियो ।

# विद्यालयलाई पङ्खा हस्तान्तरण

प्रस, वीरगंज, २० साउन/

शैक्षिक शहीद मुकुन्दप्रसाद खनाल


तस्वीरः प्रतीक

स्मृति प्रतिष्ठान, पर्साले वीरगंज महानगर–३१ बेलवास्थित रामजानकी आधारभूत विद्यालयलाई तीन थान पङ्खा सहयोग गरेको छ । वीरगंज–४ स्थित विकन स्कूलको प्राङ्गणमा प्रतिष्ठानका सभापति मुना खनालले रामजानकी आविका प्रधानाध्यापक आलोकप्रसाद श्रीवास्तवलाई सहयोग हस्तान्तरण गरेको प्रतिष्ठानका सचिव लालबाबू सिंहले बताए ।

कार्यक्रममा प्रतिष्ठानका सभापति खनालले शिक्षाले जनताको बौद्धिक विकास गरी देशलाई समृद्धितर्फ लैजाने हुनाले शिक्षालाई सर्वसुलभ बनाउन स्व मुकुन्दप्रसाद खनालको कार्यक्षेत्र मात्र नभएर प्रत्येक बालबालिकाहरूमा शिक्षाको प्रकाश फैलाउने उनको स्वर्णिम सपनालाई आत्मसात् गर्दै प्रतिष्ठानले विद्यालयमा सानो सहयोग गरेको बताए ।

कार्यक्रममा रामजानकी प्राविका प्रअ श्रीवास्तवले ग्रामीण विद्यालयका बालबालिकाप्रति माया देखाएर गर्मीको समयमा राहत प्रदान गरेकामा प्रतिष्ठानप्रति आभार व्यक्त गरे ।

कार्यक्रममा समाजसेवी एवं प्रतिष्ठानका सल्लाहकार प्रकाश उपाध्याय, विकन स्कूलका प्रअ जयप्रकाश दनुवार तथा सदस्यहरू शान्ति माली र रीना विश्वकर्मालगायतको सहभागिता थियो ।

# भाटभटेनीबाट मोटरसाइकल चोरी

प्रस, पोखरिया, २० साउन/

वीरगंजमा हालै खुलेको भाटभटेनी सुपर मार्केटबाट मोटरसाइकल चोरी हुन थालेपछि ग्राहकहरू मारमा परेका छन् ।

मार्केट खुलेदेखि दुई दर्जनभन्दा बढी मोटरसाइकल चोरी भइसकेका छन् । सोही क्रममा हिजो शुक्रवार दिउँसो २ बजे पोखरिया नगरपालिका–७ निवासी राजेश चौहानको ना.३५प २०५९ नम्बरको मोटरसाइकल चोरी भएको छ ।

मोटरसाइकल चोरी भएको घटना बाहिरिएपछि सिसिटिभी क्यामरा हेर्दा चोरले स्पष्टरूपमा चोरी गरिरहेको भिडियो हेर्न सकिन्छ ।

सुपरमार्केटले उपलब्ध गराएको भिडियोमा चोरको अनुहार सजिलैसँग पहिचान भएपनि पर्सा प्रहरी अहिलेसम्म पक्राउ गर्न नसकेको गुनासो चौहानको थियो । भाटभटेनीबाट मोटरसाइकल चोरी भइरहे तापनि व्यवस्थापन पक्षले सुरक्षाका कुनै उपाय अपनाएको छैन । मोटरसाइकल चोरीको घटनाले अहिले ग्राहकको सङ्ख्यामा आएको स्थानीयहरूले जानकारी दिए ।

# प्रीतम सिंहका नाति चुनावमा उठ्ने

प्रस, परवानीपुर, २० साउन/

नेपालको ढुवानी व्यवसायका 'किङ' भनेर चिनिने प्रीतम सिंहका नाति अङ्गद सिंहले आगामि २०८४ को चुनावमा पर्सा क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्यको चुनाव लड्ने बताएका छन् ।


तस्वीरः प्रतीक

काठमाडौं बसोबास गर्ने ३९ वर्षीय अङ्गदले शनिवार वीरगंजमा बताएका हुन् । प्रीतम सिंह भारत सरकारको नजीकका व्यक्ति भएको र उनले नै नेपालमा प्रचण्ड नेतृत्वको सरकार बनाउन पहल गरेको भन्दै विवादमा तानिएका छन् ।

भारतीय मूलका प्रीतम सिंहले सन् १९५८ मा पहिलोपटक मालसामान ढुवानी गर्ने २३८ नम्बरको ट्रक नेपाल भित्र्याएका थिए । त्यसपछि भारतको पञ्जाब र हरियाणाका सिख धर्मावलम्बीहरू नेपाल प्रवेश गरी घर व्यवसाय गर्न थालेका हुन् । सिख परिवारको नेपाल पब्लिक मोटर्स सर्भिसेज, मोर्डन इन्डियन स्कूल, जिएचपी स्कूल, वीरगंजलगायतका व्यवसायमा लगानी छ । अङ्गद सिंह प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डका निकटम मानिन्छन् ।

हजुरबुबा विवादमा तानिएको घटनाबारेमा उनले जथाभावी टिप्पणीले केही पनि नहुने भन्दै उनले आगामी चुनावमा पर्साको क्षेत्र नं ४ को चौतर्फी विकासको मुद्दा लिएर चुनावमा होमिने दाबी गरेका छन् ।

५० जना युवा समूहसँगै वीरगंज पावरहाउसस्थित गुरुद्वारमा भेटिएका अङ्गदलाई अबिर र टीका लगाइ समर्थकहरूले स्वागत गरेका थिए । उनी आगामी तीन वर्षमा काठमाडौं–पर्सागढीमा चुनावी सरमर्गी बढाउने तयारीमा छन् । उनी शिक्षा, स्वास्थ्य तथा भौतिक पूर्वाधार विकासका मुद्दा लिएर चुनावमा होमिने बताइएको छ ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति बिग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरूसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले

**बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड